# कोटहीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मझगॉवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

फोन नं ०७१-४०१०२४

Web: kotahimaimun.gov.np


प.सं: ०८०।०८१

च.नं :

मिति:२०८०/०६/११

## सूची दर्ता गराउने बारे सूचना ।

यस कोटहीमाई गाउँपालिकाबाट प्रकाशन तथा प्रासरण गरिने बिज्ञापन, सन्देशमूलक सूचना लगायत यस्तै प्रकृतिका अन्य सूचनाहरु प्रकाशन तथा प्रसारण गर्दा यस गाउँपालिकामा सूचीकृत भएका सञ्चार - संस्थाहरुबाट मात्र प्रकाशन तथा प्रसारण गरिने भएकोले त्यस्ता सूचनाहरु प्रकाशन तथा प्रसारणका लागि इच्छुक सञ्चार संस्थाहरुले तपसिल बमोजिम कागजात सहित सूची दर्ता गराउनुहुन अनुरोध छ ।साथै कुनै प्रकारको सूचना तथा बिज्ञापन प्रकाशन/प्रसारण गर्नु पूर्व न्युनतम १ हप्ता अगावै पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । पूर्व स्वीकृति बिना बिज्ञापन वा सूचना प्रकाशन/प्रसारण गरि पेश भएका कुनै पनि बिलको भुक्तानी दिन कार्यालय बाध्य हुने छैन।

**तपसिलः**

**क) मुद्रण/ अनलाईन सञ्चार संस्थाको हकमाः**

१. सूची दर्ताको निवेदन
२. दर्ता प्रमाण पत्र / कम्पनी दर्ता पत्रको प्रतिलिपि
३. आन्तरिक राजस्व कार्यालयमा दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. सूचना विभागको दर्ता प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि (अनलाईन सञ्चार संस्थाको हकमा)
५. प्रेस काउन्सिलमा दर्ता प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि (अनलाईन सञ्चार संस्थाको हकमा)
६. आर्थिक वर्ष २०७९/८० को कर चुक्ताको प्रतिलिपि

**ख) टेलीभिजन / रेडियोको हकमाः**

१. सूची दर्ताको निवेदन
२. कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. सूचना विभागमा दर्ता तथा नविकरणको प्रतिलिपि
४. कर दाता दर्ता प्रमाण पत्र
५. आर्थिक वर्ष २०७९/०८० को करचुक्ता प्रतिलिपि

०८०।६।११

**गोबिन्द भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

"स्वास्थ्य, शिक्षा, कृषि, पर्वाधारः समृद्ध कोटहीमाईको मूल आधार"